# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)**

visit nepal 2020 Lifetime Experiences

प.सं. : २०७६/०७७ (प्र.शा.)
च.नं. : 2602

धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल।

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०७६/०९/२८

श्री वडा कार्यालयहरु सबै (१-१९),
ध.उ.म.न.पा., कैलाली।

**विषय : जानकारी सम्बन्धमा।**

प्रस्तुत विषयमा श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँको प.सं. ०७६/०७७, च.नं. ५७, मिति २०७६/०९/१५ गतेको पत्र एवं गृह मन्त्रालय, सिंहदरबार काठमाडौँको प.सं. शा.सु.०७६/०७७/५, च.नं. २०२१, मिति २०७६/०९/०८ गतेको आवश्यक समन्वय तथा परिपत्र गरिदिने व्यहोराको पत्र यसैसाथ संलग्न छ। उल्लेखित व्यहोरा संलग्न पत्रबाटै अवगत गर्नु भई सोहि अनुरुप कार्य गर्न/गराउन हुन आदेशानुसार जानकारीका लागि अनुरोध छ।

७६/९/२८

.............................
नारायण प्रसाद शर्मा
अधिकृत छैठौं

अधिकृत छैठौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)


फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ।


प.सं.: ०७६/७७
च.नं.: ८६

मिति २०७६।०९।१५

श्री स्थानीय तह सबै (कर्णाली प्रदेश) ।
श्री स्थानीय तह सबै (सुदुरपश्चिम प्रदेश) ।

विषयः- परिपत्र गरिएको सम्बन्धमा ।

उपर्युक्त विषयमा गृह मन्त्रालयको च.नं. २०२१, मिति २०७६।०९।०८ को छाउपडी प्रथा उन्मूलन गर्ने व्यहोराको पत्र यसैसाथ संलग्न छ । पत्रमा उल्लेख भएबमोजिम मिति २०६३।०१।२६ मा तत्कालीन मन्त्रीपरिषद्बाट छाउपडी प्रथालाई कुरीति घोषणा गर्ने र त्यस्तो गर्न गराउन निषेध गर्ने भनी निर्णय भएको भएपनि हालसम्म नै उक्त प्रथा कायमै रही सोका नाममा विभेद र अत्याचार हुने गरेको घटना सार्वजनिक हुदैं आएको छ । यस विषयलाई उच्च प्राथमिकतामा राख्दै प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहने गरी एक संयन्त्र बनाई छाउपडी प्रथा उन्मुलन गर्ने गरी काम गर्न गराउन भनी गृह मन्त्रालयबाट मिति २०७६।०८।२३ मा निर्णय भई कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेशका प्रमुख जिल्ला अधिकारीहरुलाई दिइएको निर्देशन संलग्न पत्रबाट अवगत गर्नुभई सोको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग समन्वय र सहकार्य गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

धनगढी उप-महानगरपालिका
दर्ता नं. ३६८८
मिति :
दस्तखत ५।१६

...................
बन्दना कर्ण
(शाखा अधिकृत)

बोधार्थ:

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री जिल्ला समन्वय समितिको कार्यालय (कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश भित्रका सबै): आवश्यक समन्वय गरिदिनु हुन ।

श्री सूचना प्रविधि शाखाः पत्र website मा upload गरिदिनुहुन।

लासन सापुरा

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

visit Nepal 2020

नेपाल सरकार गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु.०७६/०७७/५

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- २०२१

मितिः २०७६/०९/०८

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८५६९
मितिः- २०७६/९/१०

विषयः- आवश्यक समन्वय तथा परिपत्र गरिदिनुहुन।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

सामाजिक कुरीति, बेथिति र अन्धविश्वासको रुपमा रहेको छाउपडी प्रथाका कारण दिन प्रतिदिन विभिन्न सामाजिक अपराध, महिला तथा बालबालिका हिंसामा वृद्धि, महिला अधिकार माथिको चरम अवहेलना जस्ता विकृतिहरु बढ्न गई २१ औं शताब्दीमा पनि महिला माथि छाउपडी प्रथाका नाममा विभेद र अत्याचार भइरहेको भन्ने गुनासो र समाचारहरु आइरहेको र सुदुर पश्चिमाञ्चलका केही जिल्लाहरुमा प्रचलित छाउपडी (मासिक स्राव भएका महिलालाई गोठमा पठाउने प्रथा) लाई कुरीति घोषणा गर्ने र त्यस्तो गर्न गराउन निषेध गर्ने मिति २०६३/०१/२६ गते तत्कालीन मन्त्रिपरिषद्को निर्णय समेत भएको सन्दर्भमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९४ बमोजिम गठित समन्वय समितिवाट मिति २०७६/०८/२३ गते बसेको बैठकले गरेको निर्णय समेतको आधारमा प्रस्तुत विषयलाई उच्च प्राथमिकता दिई प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालयका प्रमुख रहने गरी एक संयन्त्र बनाई उक्त संयन्त्रले विशेष सक्रियता र पहल गरी छाउपडी प्रथा उन्मुलन गर्ने तर्फ निम्नानुसार कार्य गर्नु गराउनु भनी यस मन्त्रालयको च.नं. २००८, मिति २०७६/०९/०८ को पत्रबाट कर्णाली प्रदेश तथा सुदरपश्चिम प्रदेशका प्रमुख जिल्ला अधिकारीहरुलाई निर्देशन दिइएको छ। उक्त निर्देशनको प्रभावकारी कार्यान्वयनका लागि तहाँ मार्फत उल्लेखित प्रदेशका सबै स्थानीय तहहरुमा आवश्यक सहयोग, समन्वय र सहकार्यका लागि परिपत्र गरिदिने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

ना.अ.श्री नन्दनाजी
पत्रमा उल्लेख भई आए बमोजिम परिपत्र (online) गर्नें।
२०७६/०९/१८

१. मुलुकी अपराध संहिता, २०७४ ले परिभाषित गरेका सामाजिक विभेद र भेदभाव तथा अपमानजनक व्यवहार विरुद्धका कानूनी व्यवस्था सम्बन्धमा व्यापक सचेतनामूलक अभियान सञ्चालन गर्ने,
२. छाउपडी र अन्य भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध स्थानीय तहसँग समन्वय गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,
३. छाउपडीका साथै भेदभाव तथा अपमानजनक व्यवहारका विरुद्ध प्रभावित क्षेत्रका समुदायमा उक्त संयन्त्र मार्फत समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,

नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्सः ०१-४२११२८६
०१-४२११२५७
इमेलःcontrol@moha.gov.np
सिंहदरवार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- शा.सु.०७६/०७७/५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 2029

४. स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक, धार्मिक अगुवा (धामी, झांक्री र पुरोहित), सामाजिक संघसंस्था, गैरसरकारी संघसंस्थाहरुसँग बेथिति न्यूनीकरणका लागि सहकार्य गर्ने,
५. छाउपडी प्रथा उन्मुलन अभियानमा स्थानीय सञ्चारकर्मीसँग प्रभावकारी समन्वय र सहकार्य गर्ने,
६. छाउपडी प्रथालाई निरन्तरता दिनेहरुमाथि क्रमशः राज्यबाट प्रवाह हुने सेवा सुविधा (वृद्ध भत्ता, सामाजिक सुरक्षा भत्ता, सहुलियतका कर्जा) रोक्का गर्ने तर्फ आवश्यक कारवाही अगाडी बढाउने,
७. छाउपडी प्रथा प्रभावित विभिन्न स्थानमा रहेका छाउगोठहरुलाई समुदाय, स्थानीय तह र प्रहरी समेतको सहकार्यमा नष्ट गर्ने,
८. छाउपडीमा जान तथा सो कार्य गर्न बाध्य पार्ने जुनसुकै व्यक्तिलाई पनि यथाशिघ्र कानूनी कारवाहीको दायरामा ल्याउने ।

..........................
(लोकमान श्रेष्ठ)
शाखा अधिकृत